# सन्धिखर्क नगरपालिका

# स्थानीय राजपत्र


सन्धिखर्क नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७, संख्या २, मिति २०८०/०३/३१


**भाग-१**

**सन्धिखर्क नगरपालिकाको सूचना**

**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सन्धिखर्क नगरपालिकाको नगर सभाले बनाएको "विनियोजन ऐन, २०८०" सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## विनियोजन ऐन, २०८०

सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावनाः**

सन्धिखर्क नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सन्धिखर्क नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **सन्धिखर्क नगरपालिकाको विनियोजन ऐन, २०८०** रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८०/८१ को निमित्त नगरस्तरीय आयोजना तथा कार्यक्रम, वडास्तरीय आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रमतर्फ गरिने सेवा र कार्यहरूका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च र पूंजीगत खर्चको रकम समेत गरी जम्मा रकम **रू. १,०१,४५,००,०००।०० (अक्षरेपी एक अर्ब एक करोड पैंतालीस लाख रूपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/८१ को निमित्त नगर स्तरीय आयोजना तथा कार्यक्रम, वडास्तरीय आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

सन्धिखर्क नगरपालिका

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर स्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रमतर्फ गरिने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूंजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूंजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

सिद्धार्थ नगरपालिका

**अनुसूची-१**

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम आर्थिक वर्ष २०८०/८१ मा

सञ्चित कोषबाट विनियोजन हुने रकम

**(रू. हजारमा)**

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च तर्फ विनियोजित बजेट | पूँजीगत खर्चतर्फ विनियोजित बजेट | वित्तीय व्यवस्थातर्फ विनियोजित बजेट | कुल विनियोजित बजेट |
|---|---|---|---|---|---|
| १. | नगरस्तरीय कार्यक्रम | ११,३९,०४ | २७,३०,२५ | - | ३८,६९,२९ |
| २. | वडास्तरीय कार्यक्रम | ७३,७५ | २,२६,२५ | - | ३,००,०० |
| ३. | विषयगत शाखा | ५७,५५,७१ | २,२०,०० | - | ५९,७५,७१ |
| ४. | ऋणको साँवा ब्याज भुक्तानी | - | - | - | - |
| ५. | लगानी (शेयर/ऋण) | - | - | - | - |
| **जम्मा** | | **६९,६८,५०** | **३१,७६,५०** | | **१,०१,४५,००** |

आज्ञाले,

(खुमलाल भुसाल)

प्रमुख प्रशासकीय अधिकृत

सन्धिखर्क नगरपालिका